मिति:२०८१/११/०८ बैठक संख्या:१३

प्रस्तावहरु:

१. गाउँपालिकाको लोगो लेटर प्याडमा प्रयोग गर्ने सम्बन्धमा।
२. निजी जग्गाको माटो उत्खनन, व्यवस्थापन एंव नियमन सम्बन्धी कार्यविधि, २०८१ पारित सम्बन्धमा।
३. तीन पाङ्ग्रे अटो रिक्सा संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८१ पारित सम्बन्धमा।
४. विद्यार्थीसँग उपाध्यक्ष कार्यक्रम संचालन कार्यविधि, २०८१ पारित सम्बन्धमा।
५. सियारी गाउँपालिकाको कार्यसंचालन निर्देशिका, २०७७ संशोधन सम्बन्धमा।
६. सियारी गाउँपालिकाको आर्थिक ऐन, २०८१ संशोधन सम्बन्धमा।
७. सियारी गाउँपालिकाको विनियोजन ऐन, २०८१ संशोधन सम्बन्धमा।
८. तिनाउ नदी र दानव नदीको IEE सम्बन्धमा।
९. राष्ट्रिय गौरवको आयोजनाबाट नदीजन्य पदार्थ माग सम्बन्धमा।
१०. सियारी गाउँपालिकाले विगतका वर्षहरुदेखि हालसम्म नियमित गर्नुपर्ने बेरुजुको लगत तथा वर्गीकरण सम्बन्धमा।
११. अनुगमन समितिबाट अनुगमन प्रतिवेदन पेश गर्ने सम्बन्धमा।
१२. विविध।

निर्णयहरु:

निर्णय नं १. प्रस्ताव नं १ माथि छलफल गर्दा सियारी गाउँपालिकाको गाउँ सभाले स्वीकृत गरेको लोगो राजपत्रमा प्रकाशित गरि नियमानुसार गाउँपालिकाको लेटर प्याडमा प्रयोग गर्ने निर्णय गरियो।

निर्णय नं २. प्रस्ताव नं २ माथि छलफल गर्दा सियारी गाउँपालिकाको निजी जग्गाको माटो उत्खनन, व्यवस्थापन एंव नियमन सम्बन्धी कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो।

निर्णय नं ३. प्रस्ताव नं ३ माथि छलफल गर्दा सियारी गाउँपालिकाको तीन पाङ्ग्रे अटो रिक्सा संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो।

निर्णय नं ४. प्रस्ताव नं ४ माथि छलफल गर्दा सियारी गाउँपालिकाको उपाध्यक्षसँग विद्यार्थी कार्यक्रम संचालन कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो।

निर्णय नं ५. प्रस्ताव नं ५ माथि छलफल गर्दा सियारी गाउँपालिकाको कार्यसंचालन निर्देशिका, २०७७ को परिच्छेद १० दफा २१ सँग सम्बन्धित अनुसूची २ को क्र.स. ७ र ८ मा संशोधन गरि संशोधित कार्यसंचालन निर्देशिका पारित गर्ने निर्णय गरियो।

निर्णय नं ६. प्रस्ताव नं ६ माथि छलफल गर्दा राजश्व परामर्श समितिबाट संशोधनको लागि पेश भएको सियारी गाउँपालिकाको आर्थिक ऐन, २०८१ मा देहाय बमोजिमका विषय/शिर्षकहरुमा संशोधन तथा थप गरि स्वीकृतीको लागि गाउँ सभाको १६ औं अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो।

मिति:२०८१/११/०८

बैठक संख्या:१३

देहाय:

१. ठेक्कामा उल्लेखित परिमाण भन्दा बढि नदिजन्य पदार्थ उत्खनन् गरेमा सम्झौता भन्दा बढि उत्खनन् परिमाणमा कबोल दरको १० प्रतिशत थप गरी प्रति घन फिटका दरले जरिवाना लिने ।

२. सार्वजनिक जगामा नदीजन्य पदार्थ डम्पीङ भाडा स्वरुप प्रति कठ्ठा रु २,०००/-

३. इ-रिक्सा दर्ता रु १,०००/- ,नविकरण ५००/- र जरिवाना रु.१,०००/

४. ग्याँस उद्योग कर वार्षिक- रु ६५,०००/-

५. पलास्टिक उद्योग कर वार्षिक- रु १५,०००/-

६. पूर्वाधार सेवा उपयोग शुल्क संकलन गर्ने व्यक्तिलाई जम्मा संकलित रकमको २० प्रतिशत पारिश्रमिक उपलब्ध गराउने ।

७. मोटरसाईकलबाट नदिजन्य पदार्थ चोरी निकासी गरेमा रु २,५००/- जरिवाना लिने र पटके रुपमा चोरी निकासी हुने साधनलाई प्रत्येक पटक ५०% का दरले थप जरिवाना लगाउने ।

८. घर बकस पत्र सिफारिस परिवार भित्र रु १,०००/- परिवार बाहिर २,०००/-

९. गाउँपालिकाको हलभाडा प्रति दिन रु.१,०००/

१०. अनुसूची-६ नदीजन्य पदार्थको दर भ्याट बाहेक

क. २०५ मा परियोजनाका लागि दानव प्रति घनफिट रु.१३ लाई संशोधन गरि प्रति घनफिट रु.१५ कायम गर्ने

ख. २०६ मा परियोजनाका लागि तिनाउ प्रति घनफिट रु.१६ लाई संशोधन गरि प्रति घनफिट रु.१८ कायम गर्ने

निर्णय नं ७. प्रस्ताव नं ७ माथि छलफल गर्दा विधायन समितिबाट संशोधनको लागि पेश भएको सियारी गाउँपालिकाको विनियोजन ऐन, २०८१ मा संलग्न बमोजिमका शिर्षकहरुमा रुपान्तर गरि स्वीकृतीको लागि गाउँ सभाको १६ औं अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ८. प्रस्ताव नं ८ माथि छलफल गर्दा तिनाउ नदी र दानव नदीको IEE स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ९. प्रस्ताव नं ९ माथि छलफल गर्दा राष्ट्रिय गौरवका आयोजनाहरुबाट नदीजन्य पदार्थ माग भएकोमा जिल्ला समन्वय समितिको मिति:२०८१/१०/२७ च.नं.२६४ को पत्रानुसार प्राप्त निर्देशन तथा चोरी निकासीलाई मध्यनजर गरि माग भएको नदीजन्य पदार्थ तपसिल बमोजिमका घाटबाट उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल:

क. तिनाउ नदीको अमुवा पुल उत्तरतर्फको घाट र कनरी घाट

ख. दानव नदीको खैरहनी डी र बाचकचहवा घाट

मितिः२०८१/११/०८

बैठक संख्याः१३

निर्णय नं १०. प्रस्ताव नं १० माथि छलफल गर्दा सियारी गाउँपालिकाले आ.व.२०७४/७५ देखि आ.व.२०७९/०८० सम्मको नियमित गर्नुपर्ने बेरुजुका सम्बन्धमा लेखा समितिबाट पेश भएको संलग्न बमोजिमको बेरुजु नियमित गर्न आवश्यक प्रकृया अगाडी बढाउनको लागि गाउँ सभाको १६ औँ अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ११. प्रस्ताव नं ११ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ ख मा उपाध्यक्षको काम, कर्तव्य र अधिकार अन्तर्गत ख(५) मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरि सोको प्रतिवेदन बैठकमा पेश गर्ने व्यवस्था बमोजिम उपाध्यक्ष ज्यूले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरि सोको मासिक प्रतिवेदन अनिवार्य बैठकमा पेश गर्नुपर्ने निर्णय गरियो ।

निर्णय नं १२. प्रस्ताव नं १२ माथि छलफल गर्दा विविध विषयमा तपसिल बमोजिम गर्ने गराउने निर्णय गरियो ।

तपसिलः

क. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सुझाव कार्यान्वयन सम्बन्धी पत्रको जानकारी प्राप्त गरियो र सो सम्बन्धमा सुझाव कार्यान्वयनको लागि आवश्यक प्रकृया अगाडी बढाउने ।

ख. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशबाट कार्यान्वयनको लागि प्राप्त कार्ययोजना सम्बन्धमा आवश्यक छलफल एंव जानकारी प्राप्त गरियो ।

ग. सियारी-२ च्याङ्गठा पशु हाट बजार सुरक्षा तथा सरसफाईको लागि मितिः२०७९/०७/०१ देखि सुरक्षा गार्ड तथा सरसफाईको कामकाजको लागि राखिएका सुरक्षाकर्मी शंकर नायक हालसम्म पनि सुरक्षा गार्ड तथा सरसफाई कार्यको लागि पशु हाट बजारमा कार्यरत रहेकोले आ.व.२०८१/०८२ मा पनि सोही कार्यको लागि तोकिएको पारिश्रमिक भुक्तानी हुने गरि निजको कामकाजलाई निरन्तरता दिने निर्णय गरियो ।

घ. सियारी-४ दानव नदीको कचकचहवा घाटमा नदीमा बाढी आउँदा पानीको बहावले कटान गरि पुललाई नै जोखिम पार्ने भएकोले उक्त घाटको नदीजन्य पदार्थ उत्खनन एंव व्यवस्थापनको लागि जिल्ला विपद् व्यवस्थापन समितिबाट अनुगमन गरि आवश्यक कार्यार्थको लागि लेखि पठाउने निर्णय गरियो ।

ङ. सियारी-१ सोनारेत झोलुङ्गे पुल उत्तर तिनाउ नदीको मध्ये भागमा रहेको माटोका कारण पूर्वपट्टीको तटबन्धमा क्षति पुर्याइराखेकोले माटो नहटाएमा थप क्षति हुनसक्ने भएकोले उक्त माटो हटाउनको लागि जिल्ला विपद् व्यवस्थापन समितिलाई सिफारिसका लागि अनुरोध गर्ने निर्णय गरियो ।

च. सियारी-७ बस्ने श्रीराम मल्लाहले ट्र्याक्टर छोडी पाउँ भनि पेश गर्नुभएको निवेदनका सम्बन्धमा निजको ट्र्याक्टरले ठक्कर दिइ क्षति भएको गाउँपालिकाको बोलेरो जिप मर्मतको सबै खर्च रकम निजले व्यहोर्ने, नदीजन्य पदार्थ चोरी निकासी कार्यमा प्रयोग भएको उक्त ट्र्याक्टरको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम नियमानुसारको जरिवाना दाखिला गर्ने र अवैध चोरी निकासी कार्यमा संलग्न भइ गाउँपालिकाबाट चोरी निकासी नियन्त्रण कार्यमा खटिएको सवारी ठक्कर दिएकोले थप रु.१५,०००/ जरिवाना लगाउने र अब उपरान्त यस्ता क्रियाकलाप गरेको पाइएमा नियमानुसारको कडा कारबाही प्रकृया अगाडी बढाउने समेत गर्ने निर्णय गरियो ।

छ. नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्यसमिति, रुपन्देहीलाई अधिवेशनको लागि रु.१०,०००/ विभिन्न संघ संस्था सहयोग शिर्षकबाट उपलब्ध गराउने ।